# निजगढ राजपत्र


## निजगढ नगरपालिकाद्वारा प्रकाशित

खण्डः ८ संख्याः ३ मितिः २०८१/०९/१९


## भाग - २

## कर्मचारी तह मिलान, तह/स्तर वृद्धि सम्बन्धी कार्यविधि, २०८१

**प्रस्तावनाः**

मधेश प्रदेश सरकारबाट जारी भएको "स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०८१ मा रहेको कर्मचारीहरूका तह मिलान, तह/स्तर वृद्धि सम्वन्धी प्रावधानलाई व्यवस्थित गरी कार्यान्वयन गर्न वाञ्छनीय भएकोले स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा १५५ ले दिएको अधिकार प्रयोग गरी निजगढ नगरपालिका नगरकार्यपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ ।

### १. संक्षिप्त नाम र प्रारम्भः

१. यो कार्यविधिको नाम "कर्मचारी तह मिलान, तह/स्तर वृद्धि सम्बन्धी कार्यविधि, २०८१ रहेको छ ।

२. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

१. "ऐन" भन्नाले मधेश प्रदेशको स्थानीय सेवा (गठन र सञ्चालन) ऐन, २०८१ सम्झनु पर्छ ।

२. "कार्यालय" भन्नाले निजगढ नगरपालिका नगरकार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

३. "प्रदेश" भन्नाले मधेश प्रदेश सम्झनु पर्दछ ।

४. "नगरपालिका" भन्नाले निजगढ नगरपालिका सम्झनु पर्दछ ।

५. "कार्यपालिका" भन्नाले निजगढ नगरपालिकाको नगरकार्यपालिकालाई सम्झनु पर्दछ ।

६. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले निजगढ नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

७. "कर्मचारी" भन्नाले स्थानीय सेवाको पदमा बहाल रहेको स्थायी कर्मचारी सम्झनु पर्छ र सो शब्दले कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम स्थानीय तहमा समायोजन भएका कर्मचारीलाई समेत जनाउँदछ ।

८. "तह वृद्धि" भन्नाले ऐनको दफा २९ बमोजिम गरिने तह वृद्धिलाई सम्झनु पर्दछ ।

९. "तह मिलान" भन्नाले ऐनको दफा ८ को उपदफा (२२) बमोजिम संघीय लोकसेवा आयोगबाट स्थानीय तहको छैटौं तहमा सिफारिस भई नियुक्त भएका कर्मचारीलाई नियुक्ति मिति देखि लागू हुने गरी एक पटकका लागि सातौं तहमा गरिने तह मिलानलाई सम्झनु पर्दछ ।

१०. "प्रदेश लोक सेवा आयोग" भन्नाले मधेश प्रदेशको लोकसेवा आयोगलाई सम्झनु पर्दछ ।

११. "सिफारिस समिति" भन्नाले यो कार्यविधिको दफा ४ बमोजिम गठित सिफारिस समितिलाई सम्झनु पर्दछ ।

१२. "मन्त्रालय" भन्नाले मधेश प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सम्झनु पर्दछ ।

१३. "स्तर वृद्धि" भन्नाले यस ऐनको दफा ४ र दफा २९ बमोजिम गरिने स्तर वृद्धिलाई सम्झनु पर्छ ।

१४. "स्थानीय सेवा" भन्नाले ऐनको दफा ३ बमोजिम स्थानीय तहमा रहने स्थानीय सेवा सम्झनु पर्दछ ।

१५. "समायोजन ऐन" भन्नाले कर्मचारी समायोजन ऐन, २०७५ सम्झनु पर्दछ ।

१६. "अख्तियारवाला" भन्नाले ऐनको दफा १५ बमोजिमको स्थानीय सेवामा नियुक्त र पदस्थापन गर्ने एवम् अवकाशको निर्णय गर्ने अधिकारी सम्झनु पर्छ ।

३. <u>सूचना प्रकाशन गर्नेः</u>

(१) यो कार्यविधि बमोजिम निजगढ नगरपालिकाको स्थानीय सेवामा कार्यरत स्थायी कर्मचारीहरुको तह मिलान, तह/स्तर वृद्धिको लागि आवेदन पेश गर्न प्रत्येक बर्षको असार र पौष महिनामा कम्तीमा ३० दिनको म्याद दिई दरखास्त आव्हान गरिनेछ ।

(२) उपदफा (१) बमोजिम प्रकाशित सूचना कार्यालयको वेबसाईट र सूचना पाटीमा प्रकाशन गरिनेछ ।

४. **<u>सिफारिस समितिः</u>**

(१) ऐनको दफा ४ को उपदफा (६) र दफा २९ को उपदफा (१) र (२) बमोजिम नगरपालिकामा कार्यरत स्थायी कर्मचारीको तह/स्तर वृद्धि गर्न ऐनको दफा २९ को उपदफा (३) र (५) बमोजिम देहाय बमोजिमको तह/स्तर बृद्धि सिफारिस समिति रहनेछ ।

| | | |
|---|---|---|
| १. | प्रमुख प्रशासकीय अधिकृत | अध्यक्ष |
| २. | कार्यालयको बरिष्ठ कर्मचारी २ जना | सदस्य |

(२) समितिको सचिवको काम समितिका सदस्य मध्ये प्रमुख प्रशासकीय अधिकृतले तोकेको सदस्यले गर्ने छ ।

(३) समितिको सचिवालयको काम कर्मचारी प्रशासन शाखाले गर्नेछ ।

(४) समितिको बैठकको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

५. **<u>समितिको काम, कर्तव्य र अधिकारः</u>** सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(१) तह/स्तरवृद्धि प्रयोजनको लागि कार्यालयबाट प्रकाशित सूचना बमोजिम पेश हुन आएका निवेदकहरुको कागजातहरुको अध्ययन तथा विश्लेषण गर्ने ।

(२) तह/स्तर वृद्धि गर्दा सहायक स्तरसम्मका कर्मचारीको तह/स्तर वृद्धिको निर्णय र कार्यान्वयन प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ ।

(३) तह/स्तर वृद्धि गरिने अधिकृत स्तरका कर्मचारीहरुको नामावली सहित तह/स्तर वृद्धिको लागि नगरकार्यपालिकामा सिफारिस गर्ने ।

(४) यस कार्यविधिको दफा १४ बमोजिम तह/स्तर वृद्धिको लागि सम्बन्धित निकायमा आवश्यक परामर्श माग गर्ने ।

६. **<u>सिफारिसः</u>**

(१) दरखास्त दिने अन्तिम मितिको १५ दिन भित्रमा सिफारिस समितिले ***अनुसूची—१*** बमोजिमको ढाँचामा निवेदन साथ प्राप्त कागजातहरुको जाँच गरी कार्यालयलाई तहवृद्धि/स्तरवृद्धि/तह मिलानको लागि सिफारिस गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सिफारिस गर्दा कर्मचारीको तहवृद्धि/स्तरवृद्धि/तह मिलान हुनु पूर्वको पदमा भएको स्थायी तथा बढुवा नियुक्ति अनुसारको सेवा अवधि र शैक्षिक योग्यता तथा जेष्ठतालाई आधार मानि क्रम निर्धारण गरी सिफारिस गर्नु पर्नेछ ।

(३) यस कार्यविधि अनुसार तहवृद्धि भएका कर्मचारीलाई ***अनुसूची—२*** बमोजिमको ढाँचामा तहवृद्धि/स्तरवृद्धि/तह मिलानको पत्र दिईनेछ।

७. **<u>तह वृद्धि वा बढुवाको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता र सेवा अवधिः</u>** यस कार्यविधि बमोजिम हुने तह/स्तर वृद्धि तथा ऐन बमोजिम हुने बढुवाको लागि ऐनको दफा ४, ८, २८, २९, ३० र ३१ मा तोकिए बमोजिमको न्यूनतम शैक्षिक योग्यता र सेवा अवधि पुरा गरेको हुनुपर्नेछ ।

८. **<u>तह वृद्धि सम्बन्धी विशेष व्यवस्थाः</u>**

(१) ऐनको दफा ८ को उपदफा २२ बमोजिम लोक सेवा आयोग र प्रदेश लोकसेवा आयोगबाट स्थानीय तहको छैटौं तहमा सिफारिस भई नियुक्त भएका यस कार्यालयमा पद कायम भएका

कर्मचारीहरुलाई ऐन प्रारम्भ भएपछि एक पटकका लागि सातौं तहमा तह मिलान गरिनेछ ।

(२) ऐनको दफा ४ को उपदफा ६ बमोजिम कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम साविक स्थानीय निकायको सहायक तेस्रो, चौथो, पाँचौ र अधिकृतस्तर छैठौं, सातौ र आठौं तहको कर्मचारीहरु स्थानीय तहको समान पदमा समायोजन भई यो ऐन जारी हुदाँका बखतसम्म पाँच वर्ष वा सोभन्दा वढी सेवा अबधि पूरा गरेका कर्मचारीहरुलाई एकपटकका लागि समायोजन हुनुभन्दा पहिलेको सम्बन्धित पद देखिनै ज्येष्ठता, कायम हुने गरी अख्तियारवालाले एक तह स्तरवृद्धि गरी दिनेछ । यसरी स्तर वृद्धि हुने पद स्वतः सृजना हुनेछ र कुनै कारणले निज कर्मचारीहरु सेवामा बहाल नरहेमा स्वतः खारेज भई जानेछ ।

(३) ऐनको दफा २८ को उपदफा १ मा यस ऐन बमोजिम तह वृद्धि वा बढुवा प्रयोजनका लागि स्थानीय तहमा समायोजन भएका कर्मचारीको ज्येष्ठता गणना गर्दा तह वृद्धि भएको वा नभएको दुवै अवस्थामा समायोजन हुँदाको तत्काल अघिको सेवा समूहको पदमा स्थायी नियुक्ति पाएको मितिबाट कायम हुने गरी सेवा अवधि गणना गरिनेछ ।

(४) ऐनको दफा २९ को उपदफा १ बमोजिम स्थानीय सेवामा कार्यरत कर्मचारीको तह वृद्धि गर्दा तह वृद्धि हुने पदभन्दा एक तह मुनिको पदमा ३ बर्षको सेवा अवधि पुरा भएका, पछिल्लो तीन वर्षको कार्य सम्पादन मूल्याङ्कनमा औसत अस्सी प्रतिशत अंक प्राप्त गरेका र ऐन बमोजिमको न्यूनतम शैक्षिक योग्यता हासिल गरेका कर्मचारीलाई क्रमशः पाँचौबाट छैठौं, सातौंबाट आठौं र नवौंबाट दशौंमा सम्बन्धित सेवा, समूह वा उपसमूहमा तहवृद्धि गरिनेछ ।

(५) ऐनको दफा २९ को उपदफा २ बमोजिम स्थानीय स्वास्थ्य सेवामा कार्यरत कर्मचारीको तह/स्तर वृद्धि गर्दा ऐन बमोजिम तह/स्तर वृद्धि गरिनेछ ।

(६) ऐनको दफा ४ को उपदफा ६ तथा दफा २९ को उपदफा १ र २ बमोजिम तह/स्तर वृद्धि भएका कर्मचारीलाई सिफारिस समितिको सिफारिसमा अख्तियारवालाको निर्णय बमोजिम प्रमुख प्रशासकीय अधिकृतले तह वृद्धि निर्णय कार्यान्वयन गरी *अनुसूची*–२ बमोजिमको ढाँचामा तह/स्तर वृद्धिको पत्र दिइनेछ ।

९. **<u>तह वृद्धि वा बढुवा रोक्का हुनेः</u>** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि देहायको अवस्थामा कार्यविधिको दफा ४ को उपदफा १ बमोजिमको सिफारिस समितिले ऐनको दफा ३२ मा उल्लेख भएको तपशिल बमोजिमको अवधिसम्म कर्मचारीलाई तहवृद्धिका लागि सिफारिस गर्ने छैन ।

१. निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

२. तह वृद्धि या बढुवा रोक्का भएकोमा तहवृद्धि वा बढुवा रोक्का भएको अवधिभर,

३. तलब वृद्धि रोक्का भएकोमा तलब वृद्धि रोक्का भएको अवधिभर,

४. ऐनको दफा ४३ बमोजिम सेवा वा समूह परिवर्तन गरेको कर्मचारी भए त्यसरी सेवा वा समूह परिवर्तन भएको मितिले ३ वर्षको अवधिभर,

५. असाधारण बिदा वा अध्ययन विदामा बसेकोमा सो विदा अबधिभर,

६. स्थानीय स्वास्थ्य सेवाको कर्मचारीको हकमा प्रचलित कानून बमोजिम गठन भएको स्वास्थ्य सम्बन्धी व्यावसायिक परिषदमा नाम दर्ता निलम्बन भएको भए त्यस्तो निलम्बनको अवधिभर,

१०. **<u>तह वृद्धि वा बढुवा नियुक्तिको रोक्का:</u>** ऐनको दफा ३३ को उपदफा १ र २ मा भएको व्यवस्था विपरित तहवृद्धि वा बढुवा नियुक्ति गरिने छैन ।

११. **<u>तह वृद्धि कार्यान्वयन:</u>**

(१) ऐनको दफा २९ को उपदफा ३ र ५ बमोजिमको समितिको सिफारिसका आधारमा कार्यपालिकाबाट भएको तह/स्तर वृद्धिको निर्णय प्रमुख प्रशासकीय अधिकृतले कार्यान्वयन गर्नेछ ।

(२) तह वृद्धि व्यवस्थापनमा कुनै द्विविधा उत्पन्न भएमा ऐनको दफा ४० को उपदफा १ को (क) र (ख) बमोजिमको बढुवा समितिको निर्णय अनुसार कार्यान्वयन गर्नुपर्नेछ ।

१२. **<u>ज्येष्ठता कायम सम्बन्धी व्यवस्था:</u>**

(१) यस कार्यविधि बमोजिम तह वृद्धिको लागि ज्येष्ठता गणना गर्दा स्थानीय सरकारी सेवाको पदमा बहाल रहेको स्थायी कर्मचारीको सम्बन्धित तहको सेवा समूहको पदमा शुरु नियुक्ति मितिवाट लागू हुने गरी गणना गरिनेछ ।

(२) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि स्थानीय तहमा समायोजन भएका कर्मचारीको ऐन बमोजिम तहवृद्धिका लागि ज्येष्ठता गणना गर्दा ऐनको दफा २८ को उपदफा १, २ र ३ बमोजिम गणना गरिनेछ ।

१३. **<u>जानकारी दिनुपर्ने:</u>** यस कार्यविधि बमोजिम गरिएको तह वृद्धिको जानकारी निर्णय भएको मितिले १५ दिन भित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, प्रदेश कितावखाना र प्रदेश लोक सेवा आयोगलाई दिनुपर्नेछ ।

१४. **<u>परामर्श:</u>** ऐनको दफा १५७ को उपदफा २ बमोजिम स्थानीय तहले ऐन प्रारम्भ भए पछि हुने तह वृद्धि तथा बढुवा सम्बन्धी कार्य गर्दा प्रदेश लोक सेवा आयोगको परामर्श अनिवार्य रुपमा लिनुपर्नेछ ।

१५. **<u>बाधा अड्काउ फुकाउने अधिकार:</u>** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा बाधा अड्काउ फुकाउने अधिकार मन्त्रालय र प्रदेश लोक सेवा आयोगको परामर्शमा नगर कार्यपालिकामा निहित रहनेछ ।

१६. **<u>उजुरी/गुनासो:</u>** ऐन र यस कार्यविधि बमोजिम भएको तह वृद्धिको निर्णय उपर चित्त नबुझेमा निर्णय सार्वजनिक भएको मितिले १५ दिन भित्र प्रदेश लोक सेवा आयोगमा उजुरी/गुनासो गर्न सकिनेछ ।

१७. **<u>प्रचलित कानून बमोजिम हुने:</u>** यस कार्यविधिमा उल्लेख भएको विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

१८. **<u>संसोधन तथा खारेजी</u> :** कार्यपालिकाले यस कार्यविधि वा यस कार्यविधिमा व्यवस्था भएको कुनै कुरामा परिवर्तनको लागि आवश्यक देखेमा परिमार्जन, संसोधन तथा खारेजी गर्न सक्नेछ ।

## *अनुसूची—१*

(कार्यविधिको दफा ६ को (१) सँग सम्बन्धित)

**<u>तह/स्तर वृद्धिको लागि पेश गर्ने निवेदनको ढाँचा</u>**

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू

निजगढ नगरपालिका नगरकार्यपालिकाको कार्यालय,

निजगढ बारा, मधेश प्रदेश

विषयः तह/स्तर वृद्धि/तह मिलान गरी पाउँ ।

प्रस्तुत विषयमा यस निजगढ नगरपालिकाको तह वृद्धि सम्बन्धी मिति............ गते प्रकाशित सूचना अनुसार हाल म तपशिल बमोजिमको पद तथा तहमा कार्यरत रहेको र उक्त सूचना बमोजिमको पदमा तहवृद्धि/स्तरवृद्धि/ तह मिलान हुन योग्य रहेको हुँदा तपशिल बमोजिमको कागजात सहित यो निवेदन पेश गर्दछु ।

**<u>तपशील</u>**

१. स्थायी नियुक्ति पत्रको प्रतिलिपी।
२. समायोजन पत्रको प्रतिलिपी।
३. बढुवा/स्तरवृद्धि/तहवृद्धि/तह मिलान भएको पत्रको प्रतिलिपी ।
४. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी।
५. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी ।

| हाल कार्यरत पद | तह वृद्धि/स्तरवृद्धि मिलान गरिने पद |
|---|---|
| पदः | पदः |
| सेवाः | सेवाः |
| समूह/उपसमूहः | समूह/उपसमूहः |
| स्तरः | स्तरः |
| कार्यालयः | कार्यालयः |

## *अनुसूची - २*

(कार्यविधिको दफा ६ को ३ सँग सम्बन्धित)

**<u>तह/स्तर वृद्धि/तह मिलान पत्रको ढाँचा</u>**

मितिः-................

श्री ..................................

कर्मचारी संकेत नं. ................

निजगढ नगरपालिका, बारा ।

विषयः तह/स्तर वृद्धि/तह मिलान गरिएको सम्बन्धमा ।

तपाईलाई नगर कार्यपालिकाको कार्यालयको मिति ............. गतेको निर्णयानुसार स्थानीय सेवा(गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ...... बमोजिम मिति ......... गते देखि ज्येष्ठता कायम हुने गरी स्थानीय सेवामा तपशिल बमोजिम तहवृद्धि/स्तरवृद्धि/तह मिलान गरिएको छ । तह वृद्धि/स्तरवृद्धि/तह मिलान हुनु भएकोमा हार्दिक बधाई तथा कार्य सफलताको कामना गर्दछु ।

**<u>तपशील</u>**

| हालको कार्यरत पद | तहवृद्धि गरिएको पद |
|---|---|
| पदः | पदः |
| सेवाः | सेवाः |
| समूह/उपसमूह | समूह/उपसमूह |
| स्तरः | स्तरः |
| कार्यालयः | कार्यालयः |

**<u>बोधार्थः</u>**

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरवार, काठमाण्डौ ।

श्री लोक सेवा आयोग केन्द्रीय कार्यालय, अनामनगर, काठमाण्डौ ।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषको कार्यालय, मधेश प्रदेश, जनकपुर, धनुषा ।

श्री राष्ट्रिय किताबखाना (निजामती), पुलचोक, ललितपुर ।

श्री प्रदेश लोकसेवा आयोग, जनकपुर धनुषा ।

श्री प्रदेश किताबखाना जनकपुर धनुषा ।

श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर, काठमाण्डौ ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, बारा ।

श्री कर्मचारी सञ्चयकोष, जनकपुर, धनुषा ।

श्री आर्थिक प्रशासन शाखा, निजगढ नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, बारा ।

**आज्ञाले**

अजय बतौंला
प्रमुख प्रशासकीय अधिकृत